कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा


पत्र संख्या: २०७९/०८० (सहकारी शाखा)

चलानी नं.: ५३

मिति :- २०७९-०४-०३गते

**विषय :- लेखा परीक्षक नियुक्तिको जानकारी पठाउने सम्बन्धमा |**

श्री सहकारी संस्थाहरु सबै,
कचनकवल गाउँपालिका, बनियानी,झापा |

प्रस्तुत विषयमा सहकारी ऐन २०७४ को दफा ७५,७६ र ७७ तथा कचनकवल गाउँपालिकाको सहकारी ऐन, २०७५ को परिच्छेद १२ दफा ५४,५५ र ५६ मा सहकारी संस्थाहरुको अन्तिम लेखा परिक्षण सम्बन्धमा व्यवस्था गरिएको छ | सो व्यवस्था अनुसार सहकारी संघ संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको तिन महिनाभित्र साधारण सभाले नियुक्त गरेको लेखापरिक्षक बाट आफ्नो कारोबारको लेखापरीक्षण गराउनुपर्ने हुन्छ | यसका साथै लेखापरिक्षकको पारिश्रमिक साधारण सभाबाट निर्धारण गरिएको हुनुपर्ने तथा एकै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तिन आर्थिक वर्ष भन्दा बढी हुनेगरी लेखा परीक्षकमा नियुक्त गर्न नशाकिने व्यवस्था समेत रहेको छ | सहकारी ऐनमा भएको यसै व्यवस्थाको नियमन गर्नका लागि कचनकवल गाउँपालिकाको सहकारी ऐन २०७५, सहकारी नियमावली २०७६ तथा प्रदेश सहकारी रजिष्ट्रार कार्यालयले तयार गरेको **सहकारी संस्था संचालन,अनुगमन तथा लेखा परिक्षण सम्बन्धि मापदण्ड २०७८** मा सहकारी संस्थाहरुले लेखा परीक्षक नियुक्त गरेपछि सो को जानकारी निम्न विवरण सहित कार्यालयमा दिनुपर्ने व्यवस्था गरिएको छ | तसर्थ यस कार्यालयको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संघ संस्थाहरुले आ.व. २०७८/०७९ का लागि लेखापरीक्षक नियुक्त गरेपछि निम्न अनुसारको विवरण १५ दिनभित्र यस कार्यालयमा पठाउनुहुन अनुरोध गरिएको छ |

**निम्न :-**

(क) लेखापरिक्षकको नाम, ठेगाना,
(ख) विगत तिन वर्षको नियुक्त लेखापरीक्षकको नाम, ठेगाना,
(ग) लेखापरीक्षकको लेखा परिक्षण इजाजत पत्रको प्रतिलिपि,
(घ) लेखापरिक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धि साधारण सभाको निर्णयको प्रतिलिपि,
(ङ) सम्बन्धित लेखापरीक्षकले आफु संस्थाको लेखापरिक्षक नियुक्तहुन अयोग्य नभएको भनि दिएको लिखित जानकारीको प्रतिलिपि |

नोट :- १. यस सम्बन्धमा थप बुझ्नपरेमा गाउँपालिकाका सहकारी शाखा प्रमुख श्री गौरव रिजाललाई सम्पर्क नं. ९८६४८३६९७२ मा सम्पर्क गर्नुहोला |

**कुमार बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :-**

श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका (**वेभ साइटमा अपलोड गरिदिनुहुन |**)